संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या - ४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल जेठ ६ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा बेलुका ६:२५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै नेपाली काँग्रेसका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिएर बोल्नको लागि समय माग गर्नुभएपछि सम्माननीय सभामुखले माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्रीले बैठकमा उठेका विषयमा जवाफ दिनको लागि अघिल्ला बैठकदेखि समय माग गर्नुभएकोले उहाँको कुरा सुनिसकेपछि बाँकी विषयमा छलफल गरेर अगाडि बढौंला भन्नुहुँदै माननीय सदस्यहरुलाई आशन ग्रहण गर्न अनुरोध गर्नुभएपछि नेपाली काँग्रेसका माननीय सदस्यहरुले आशन ग्रहण गर्नुभयो ।

तत्पश्चात माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्री रबि लामिछानेले बैठकमा उठेका विषयमा आफ्नो भनाई राख्नुहुँदै विभिन्न सञ्चार माध्यममा आएका समाचारहरुलाई आधार बनाएर एकतर्फी रुपमा प्रतिपक्ष दलले आफुलाई सहकारी प्रकरणमा दोषी देखाएर हुर्मत लिने कार्य गरेको, उच्च समस्याग्रस्त र अन्य दलका नेताहरु समेत जोडिएका सहकारी प्रकरणलाई गौण राखेको, सञ्चार माध्यममा आएका समाचारलाई आधार बनाएर मेरो नाम जोडिएका सहकारी अपचलनका विषयमा मात्र छानविन गर्नुपर्ने विषय पटकपटक उठाइरहनु न्यायोचित नभएको, समस्याग्रस्त सहकारीबाट जनताको वचत फिर्ता गर्ने सम्बन्धमा प्राथमिकतामा राखी कानून पारित गरेर बचत फिर्ता गर्ने सम्बन्धमा सरकार कटिवद्ध रहेको, बालमन्दिर, भुटानी शरणार्थी प्रकरण, टिकापुर घटना लगायतको छानविन गर्न लागेको, जनता र राष्ट्रको पक्षमा काम गर्दागर्दै अनावश्यक विषय उठाई गृह मन्त्रीलाई काम गर्न नदिने वातावरण सृजना भैरहेको लगायतका भनाई राख्नुभयो ।

तदुपरान्त नेपाली काँग्रेसका माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिई माननीय गृहमन्त्रीको धारणाको विषयमा नेपाली काँग्रेसले पनि आफ्नो कुरा राख्न पाउनुपर्छ भनी माग गर्नुभएपछि सम्माननीय सभामुखले  कार्यसूचीमा रहेको बाँकी कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०८१ साल जेठ ७ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी बैठक बेलुका ७:०५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव